आज मिति २०७९ साल चैत्र १९ गते आइतवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | | | |

प्रमुख प्रशासकीय अधिकृत
२०७९/१२/१९

आमचोक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर

०७९/१२/१९
अशोक राई
अध्यक्ष

प्रस्तावहरुः

१. वडा कार्यालय भवनको जग्गा प्राप्ती सम्वन्धमा
२. गाउपालिकाको प्रशासनीक भवनको प्राविधिक प्रस्ताव स्वीकृती सम्वन्धमा
३. करार सेवामा स्वास्थ्य तर्फको कर्मचारी नियुक्ती सम्वन्धमा
४. अपाङ्गता सहायक सहजकर्ता करार सेवामा नियुक्ती सम्वन्धमा
५. उखु पेल्ने मेसिन खरीदको रकम भुक्तानी सम्वन्धमा
६. शिक्षा ज्योति भवन निर्माणको मूल्याङ्कन विल भुक्तानी सम्वन्धमा
७. आर्थिक वर्ष २०७९/८० को योजनाहरुको सम्झौता सम्वन्धमा
८. खेलकुद विकास समितिको प्रस्ताव स्वीकृती तथा पेश्की उपलव्ध गराउने सम्वन्धमा
९. संघीय सरकार समक्ष योजनाहरु माग सम्वन्धमा
१०. आर्थिक वर्ष २०८०/८१ को लागि साना सिंचाइ कार्यक्रमको योजनाहरु सिफारिस सम्वन्धमा
११. उर्जा कार्यक्रमको रकम बाँडफाँड सम्वन्धमा
१२. सांखापोकदेखि चिउरिभञ्ज्याङ सम्म अमानतमा सडक मर्मत गर्ने सम्वन्धमा
१३. गाउँपालिका महासंघको सदस्यता शुल्क भुक्तानी सम्वन्धमा
१४. विद्यालय व्यवस्थापन समितिको राष्ट्रिय सम्मेलनको लागि प्रतिनिधि छनौट तथा खर्च उपलव्ध गराउने सम्वन्धमा
१५. आर्थिक सहायता सम्वन्धमा

**निर्णय नं १**

प्रस्ताव नं.१ माथि छलफल भइ आमचोक गाउँपालिकाको वडा नं.६ को वडा कार्यालय भवन लागि आमचोक गाउँपालिका वडा नं ६ (साविकको देवानटार गा.वि.स. वडा नं.७) निवासी श्री मकर वहादुर पौड्यालको नाममा भोजपुर जिल्ला साविकको देवानटार गाविस वडा नं १ मा दर्ता कायम भएको कित्ता नं.३ क्षेत्रफल ९-२-०-१ बाट ४ रोपनी र वर्थिङ्ग सेन्टर र स्वास्थ्य चौकी भवन निर्माणको लागि आमचोक गाउँपालिका वडा नं ६ (साविकको देवानटार गाविस वडा नं ७) निवासी जनक वहादुर पौडेलको नाममा भोजपुर जिल्ला साविकको देवानटार गाविस वडा नं १ मा दर्ता कायम कित्ता नं ४ क्षेत्रफल ८-१३-२-२ बाट ४ रोपनी काटिने गरि निशुल्क जग्गा उपलव्ध गराएकोले सो जग्गा प्राप्त गर्नको लागि वडा समितिले पनि उपयुक्त भएको ठहर गरे वमोजिम सो जग्गा प्राप्त गर्नको लागि स्वीकार गरी जग्गा प्राप्ति ऐन,२०३४ को दफा ५ वमोजिम जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारवाहि चलाउने अधिकारी यस गाउँपालिकाको वडा नं ६ का वडा सचिव श्री नारायण शर्मालाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं २**

प्रस्ताव नं २ माथी छलफल भइ आमचोक गाउँपालिकाको कार्यालय बालंखा भोजपुर को प्रशासकीय भवन निर्माण गर्नका लागि नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयबाट र यस कार्यालयले आर्थिक दायित्व बहन गर्ने गरी लागत अनुमान स्वीकृत गर्ने निर्णय भए वमोजिम उक्त कार्यको खरिद नं. ARM/NCB/WORKS/01/2079-80 "CONSTRUCTION OF AAMCHOWK RURAL MUNICIPLAITY ADMINISTRATIVE BUILDING" कायम गरी ई-बिड मार्फत आव्हान गरी सो को सूचना मिती २०७९/१०/११ गते राष्ट्रिय दैनिक नागरिक पत्रिकामा प्रकाशित भए अनुरुप ई-बिड मार्फत ३ (तिन) वटा बोलपत्र M/S MARSELI NIRMAN SEWA DANDA BAZAAR BHOJPUR,M/S MAHATO/IMPERIAL/CHETANA JV NAGRAIN-01,DHANUSA र M/S SAGARMATHA-POLESTAR-SHUVA&DHRUBA JV YAMKHA-04,KHOTANG पेश हुन आए अनुसार यस "CONSTRUCTION OF AAMCHOWK RURAL MUNICIPLAITY ADMINISTRATIVE BUILDING" मूल्याङ्कन समिती ले मूल्याङ्कन गरी पेश गरेको मूल्याङ्कन प्रतिबेदन अनुसार बोलपत्र M/S MARSELI NIRMAN SEWA DANDA BAZAAR BHOJPUR, M/S MAHATO/IMPERIAL/CHETANA JV NAGRAIN-01,DHANUSA र M/S SAGARMATHA-POLESTAR-SHUVA&DHRUBA JV YAMKHA-04,KHOTANG ले पेश गरेको प्राविधिक प्रस्ताब माग भए अनुसारको भएकोले उक्त सारभुत रुपमा प्रभावग्राही बोलपत्रलाई सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम ५ बमोजिम प्रकिया अगाडि वढाउने ।

प्रमुख प्रशासकीय अधिकृत २०७९/१२/१९
आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर
२०७९/१२/१९
अशोक राई
अध्यक्ष

**निर्णय नं ३**
प्रस्ताव नं ३ माथी छलफल भइ पदपूर्ति समितिको सिफारिस वमोजिम स्वास्थ्य तर्फको हेल्थ असिस्टेन्ट( पाँचौ)मा औरही -४, महोत्तरी निवासी राम नारायण ठाकुरको छोरा धर्मबीर ठाकुर र अ.न.मी.(चौथो) मा आमचोक-६, भोजपुर निवासी जिवन कुमार राईको छोरी एलिशा राईलाई २०८० असार मसान्त सम्मको लागि करार सेवामा नियुक्ति गर्ने ।

**निर्णय नं ४**
प्रस्ताव नं ४ माथी छलफल भइ स्थानीय तहमा अपाङ्गता सहायता कक्ष सञ्चालन सम्वन्धी कार्यविधि २०७९ वमोजिम गठित सिफारिस समितिको सिफारिस वमोजिम अपाङ्गता सहायक सहजकर्ता (Disability Support Facilitator-DSF) मा आमचोक-६ निवासी राम वहादुर कवरको छोरी सविना कवरलाई मासिक तलव रु.२२०००। हुने गरी २०८० असार मसान्त सम्मको लागि करार सेवामा नियुक्ति गर्ने ।

**निर्णय नं ५**
प्रस्ताव नं ५ माथी छलफल भइ आमचोक गाउँपालिकाको १३ औं हिउँदे गाउसभावाट विनियोजित उखु पेल्ने मेसिन खरीद शिर्षकको रकमले निरौला मेसिनरी ट्रेडर्स विराटनगरवाट आमचोक कृषि सहकारी संस्था आमचोक ४ को लागि संयुक्त साझेदारीमा रु.३२००००। को मेसिन खरीद गरिएकोले गाउँपालिकाको लागत सहभागीताको रकम रु. १५००००।( अक्षेरुपी एकलाख पचासहजार मात्र) निरौला मेसिनरी ट्रेडर्स विराटनगरलाई भुक्तानी दिई सो मेसिन आमचोक कृषि सहकारी संस्था आमचोक-४ लाई हस्तान्तरण गर्ने ।

**निर्णय नं ६**
प्रस्ताव नं ६ माथी छलफल भइ मिति २०७८/११/०८ मा ठेक्का नं:ARM/NCB/WORKS/01/2078-79 "CONSTRUCTION OF SHIKSHYAJYOTI PRIMARY SCHOOL BUILDING" कार्यको लागि **आमचोक गाउँपालिकाको कार्यालय र हिवा निर्माण सेवा** बिच दुइ पक्षिय सम्झौता भइ काम भइरहेको हुदाँ निर्माण व्यवसाय बाट दोस्रो रनिङ बिल भुक्तानि माग गरिएकोमा प्राविधिक प्रतिवेदन/हालसम्मको मुल्याकंन तयार गरि तपशिल अनुसारको भुक्तानिको लागि प्राविधिक शाखावाट सिफारिस भइ आए वमोजिम रु.१५५३६३७।( अक्षेरुपी पन्ध्रलाख त्रिपन्नहजार छसय सैतिस रुपैया मात्र) भुक्तानी दिने ।

**तपशिल**

- सम्झौता रकमः रु. ५२,२४,०८७।५० ( मु.अ. क बाहेक)
- दोस्रो रनिङ बिल बाट आएको रकमः रु. १७,५५,३३९।-
- मु.अ.क (१३ %) : रु. २,२८,१९४।०७
- जम्मा रकम मु अ क सहितः रु १९,८३,५३३।०७
- कन्टिनजेनसि (४%) : रु. ५९,५०५।९९
- जम्मा खर्च रकमः रु. २०४३०३९।०६
- पेश्कि कट्टि : रु. ३,००,०००।-
- धरौटि कट्टि रकम(५%) : रु. ८७,७६६।९५
- अग्रिम आय कर (१.५%) :रु २६,३३०।०८
- अन्य कर : रु ६८,४५८।२२
- भुक्तानि हुने रकम : रु.१५५३६३७।

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत २०७९/१२/१९

२०७९/१२/१९
अशोक राई
अध्यक्ष

**निर्णय नं ७**

प्रस्ताव नं ७ माथी छलफल भइ आर्थिक वर्ष २०७९/८० मा गाउँपालिकाद्वारा संचालन हुने सवै प्रकारको योजना तथा कार्यक्रमहरुको सम्झौता २०७९ चैत्र मसान्तसम्म गरी सक्ने ।

**निर्णय नं ८**

प्रस्ताव नं ८ माथी छलफल भइ आमचोक गाउपालिका स्तरीय खेलकुद विकास समितिको आर्थिक वर्ष २०७९/८० को लागि खेलकुद कार्यक्रम संचालन गर्नको लागि रु. ३८,००,०००/-( अक्षेरुपी अठ्तिसलाख मात्र) को प्रस्ताव पेश भए वमोजिम आमचोक गाउँपालिकाको खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि -२०७८ को दफा २० वमोजिम स्वीकृत गरी सोही कार्यविधिको दफा १७ को उपदफा २ वमोजिम स्वीकृत कार्यक्रम संचालन गर्नको लागि ७० प्रतिशत पेश्की रकम उपलवध गराउने ।

| सि.नं. | वडास्तरीय खेलकुद विकास समितिको नाम | प्रस्तावित रकम | वडास्तरीय खेलकुद विकास समितिले गर्ने कार्यक्रमको प्रकृति |
|---|---|---|---|
| १ | खेलकुद विकास समिति वडा नं. १, वासिङ्थर्पू | १५००००/- | महिला तथा पुरुष म्याराथुन दौड प्रतियोगिता तथा सांस्कृतिक कार्यक्रम |
| २ | खेलकुद विकास समिति वडा नं. २, यूँ | १५००००/- | महिला तथा पुरुष खेलाडीका लागी भलिवल खेल तथा सितोरियो कराते डोजो खेल सामाग्री खरिद |
| ३ | खेलकुद विकास समिति वडा नं. ३, थिदिङ्खा | २०००००/- | महिला तथा पुरुष भलिवल खेल कार्यक्रम |
| ४ | खेलकुद विकास समिति वडा नं. ४, बालंखा | २०००००/- | पुरुष भलिवल खेल तथा हण्डीफोर कार्यक्रम |
| ५ | खेलकुद विकास समिति वडा नं. ५, पावला | १५००००/- | महिला तथा पुरुष भलिवल खेल कार्यक्रम, हण्डीफोर तथा म्युजिकल चेयर प्रतियोगिगता |
| ६ | खेलकुद विकास समिति वडा नं. ६, बयाङ | १५००००/- | महिला तथा पुरुष भलिवल खेल कार्यक्रम |
| ७ | खेलकुद विकास समिति वडा नं. ७, बसाईगाउ | १५००००/- | महिला तथा पुरुष भलिवल खेल कार्यक्रम, हण्डीफोर, म्युजिकल चेयर तथा ब्याडमिन्टन प्रतियोगिगता |
| ८ | खेलकुद विकांस समिति वडा नं. ८, दिंलापु | १५००००/- | महिला तथा पुरुष खेलाडीका लागी भलिवल खेल सामाग्री, Dumbbels Set, ब्याडमिन्टन खेल सामाग्री तथा टेवल र कुर्सी सेट खरिद |
| ९ | खेलकुद विकास समिति वडा नं. ९, दुम्माना | २०००००/- | महिला तथा पुरुष भलिवल खेल कार्यक्रम तथा पुरुष फुटवल खेल प्रतियोगिता |
| १० | खेलकुद विकास समिति वडा नं. १०, पाँचा | १५००००/- | महिला तथा पुरुष भलिवल खेल प्रतियोगिता |
| ११ | गाउँपालिका स्तरीय खेलकुद विकास समिति आमचोक | २१५००००/- | प्रदेश भरिका गाउपालिका र नगरपालिका स्तरीय छौंखा साकेन्वा खुल्ला पुरुष तथा महिला भलिवल प्रतियोगीता |
| | जम्मा | ३८,००,०००/- | |
| | कन्टिन्जेन्सी रकम ३ प्रतिशत | १,१४,०००/- | |
| | खेल कुद समितिले प्राप्त गर्ने जम्मा रकम | ३६,८६,०००/- | |

प्रमुख प्रशासकीय अधिकृत
२०७९/१२/१९

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वालंखा, भोजपुर

०७९/१२/१९
अशोक राई
अध्यक्ष

**निर्णय नं ९**

प्रस्ताव नं ९ माथी छलफल भइ आर्थिक वर्ष २०८०/८१ को लागि संघीय सरकारका मन्त्रालयहरुमा यस गाउँपालिकाको लागि अति आवश्यक भएका तपशिल वमोजिमको योजनाहरु माग गर्ने ।

**पर्यटन, संस्कृति तथा नागरिक उड्यान मन्त्रालयमा माग गर्ने योजनाहरु**

१) ऐतिहासिक छोङ्खा साकेन्वा सास्कृतिक पार्क निर्माण (DPR भएको) आमचोक ४ – २ करोड
२) धेन्ताङ्ग थामडाडा पर्यटन पूर्वाधार विकास (DPR भएको) – ३ करोड
३) शहिद स्मृति पार्क आमचोक ४ (निर्माणाधिन) – ६० लाख
४) शिद्धथान पर्यटन पूर्वाधार विकास (DPR भएको) १ करोड
५) डुङडुङ्गे गुफा संरक्षण योजना आमचोक ९ – ५० लाख
६) वासिराङ्ग देविथान निर्माण तथा संरक्षण (DPR भएको) – १ करोड

**भौतिक योजना तथा निर्माण मन्त्रालयमा माग गर्ने योजनाहरु**

१) रानिटार पाङ्चा वालंखा पानधारे नागी चखेवा सडक ९२ कि.मी.(DPR भएको) – ३ अर्ब
२) वयाङ्ग डुम्रे हैखराङ्ग एखुवाखोला सडक - ६० करोड (ट्रयाक खोलेको)
३) वयाङ्ग पावला आमबोटे दुम्माना सडक(DPR भएको) – ५० करोड (ट्रयाक खोलेको)

**सहरी विकास मन्त्रालयमा माग गर्ने योजनाहरु**

१) स्वास्थ्य चौकी भवन आमचोक ९ – ३ करोड
२) स्वास्थ्य चौकी भवन आमचोक ३ – ३ करोड
३) बालंखा वजार ढल निर्माण तथा सडक ढलान – २ करोड
४) वडा कार्यलय भवन आमचोक १० – ३ करोड

**खानेपानी तथा सरसफाई मन्त्रालयमा माग गर्ने योजनाहरु**

१) एक घर एक धारा कार्यक्रम आमचोक (DPR भएको) –४ करोड
२) तुम्मा वाराताङ्ग खानेपानी योजना – १ करोड

**कृषी तथा पशुपंक्षी विकास मन्त्रालयमा माग गर्ने योजनाहरु**

१) सीत भण्डारण गृह निर्माण (DPRभएको) – ३ करोड

**निर्णय नं १०**

प्रस्ताव नं १० माथी छलफल भइ आर्थिक वर्ष २०८०/८१ मा संचालन हुने साना सिंचाइ कार्यक्रम अन्तर्गतको योजनाहरु सर्भेक्षण गरी साना सिंचाइ कार्यक्रमको मापदण्ड वमोजिम प्राथमिकरणमा परेका योजनाहरुको विस्तृत लागत इष्टिमेट तयारीको लागि पालिकाको आर्थिक विकास समिति र कार्यक्रम कार्यन्वयन समितिको सिफारिस वमोजिम गाउँपालिकाले २० प्रतिशत लागत साझेदारी व्यहोर्ने गरी तपशिल वमोजिमको योजनाहरुको विस्तृत लागत अनुमान तयारी गर्नको लागि सिफारिस गर्ने ।

**तपशिल**

१ रुप्सेखोला जोगेपाथर सिंचाई योजना आमचोक गापा वडा नं ९ (योजनाको कोड 10609SI015)
२ रुप्सेखोला भन्ज्याङ्ग सिंचाई योजना आमचोक गापा वडा नं ९ (योजनाको कोड 10609SI016)
३ मखुवा कुलो सिंचाई योजना आमचोक गापा वडा नं १० (योजनाको कोड 10609SI021)
४ पालिम्पा सिंचाई योजना आमचोक गापा वडा नं १० (योजनाको कोड 10609SI022)

प्रमुख प्रशासकीय अधिकृत २०७९/१२/१९

आमचोक गाउँपालिका गाउँपालिकाको कार्यालय

२०७९/१२/१९
अशोक राई
अध्यक्ष

**निर्णय नं ११**

प्रस्ताव नं ११ माथी छलफल भइ शसर्त अनुदान अन्तर्गत राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रमको कोड 30800104 नवीकरणीय ऊर्जा प्रवधि जडान (वायोग्याँस/ विद्युतीय चुलो/ सुधारिएको चुलो/सौर्य ऊर्जा) कार्यक्रममा प्राप्त रकम रु.८०००००। लाई उर्जा विकास उपसमितिको सिफारिस वमोजिम तपशिल वमोजिम बाँडफाँड गरी कार्यन्वयन गर्ने ।

क)सोलार खरीद तथा वितरण (घरेलु ५० वाटको) रु.६०००००।

ख) साना लघुजलविद्युत आयोजना मर्मत सम्भार रु.२०००००।

**निर्णय नं १२**

प्रस्ताव नं १२ माथी छलफल भइ हाल यातायात सुचारु संचालन हुन कठिनाइ भएकोले आमचोक १० को सांखापोकदेखि चिउरिभञ्ज्याङ सम्म सडक मर्मतको लागि मर्मत सम्भार कोषवाट प्राविधिकको लागत अनुमान वमोजिम वढीमा रु १ लाख खर्च हुने गरी वडा नं १० का वडा सचिवलाई अमानतमा सडक मर्मत गर्न दिने ।

**निर्णय नं १३**

प्रस्ताव नं १३ माथी छलफल भइ गाउँपालिका राष्ट्रिय महासंघको च.नं.२२,मिति २०७९ चैत्र २ गतेको पत्र वमोजिम आर्थिक वर्ष २०७९/८० को वार्षिक सदस्यता शुल्क वापतको रकम रु २००००।( अक्षरुपी वीसहजार मात्र) राजश्व अनुदान अन्तर्गत अन्य सहायता शिर्षवाट भुक्तानी दिने ।

**निर्णय नं १४**

प्रस्ताव नं १४ माथी छलफल भइ गाउँपालिका राष्ट्रिय महासंघ नेपालको च.नं.१००,मिति २०७९ चैत्र ९ गतेको पत्र वमोजिम सामुदायिक विद्यालय व्यवस्थापन समितिको राष्ट्रिय सम्मेलन मिति २०७९ चैत्र २१ र २२ गते काठमाण्डौमा हुने भएकोले प्रदेश समितिवाट चन्डेश्वार मावि वालंखाको विव्यस अध्यक्ष मोहन कार्की छनौट भएकोले आमचोक गाउँपालिकावाट श्री क्षमाकन्या माविका विव्यस अध्यक्ष श्री वम वहादुर वस्नेतलाई छनौट गरी काठमाण्डौ जान र आउन लाग्ने खर्च रकम रु ३००००।( अक्षरुपी तीसहजार मात्र) राजश्व अनुदान अन्तर्गत अन्य सहायता शिर्षवाट १५०००/१५०००। भुक्तानी दिने ।

**निर्णय नं १५**

प्रस्ताव नं १५ माथी छलफल भइ वडा कार्यालयको सिफारिस पत्र र अन्य आवश्यक कागजातहरुको आधारमा माग भइ आएवमोजिम तपशिल अनुसार आर्थिक सहायता उपलव्ध गराउने ।

क) आमचोक ३ निवासी प्रदिप राई आर्थिक अवस्था कमजोड भइ मायाराइको घरमा वसोवास गरिरहेको र सो माया राईको घर फाल्गुन १९ गते आग्लागी भएको वडाको सिफारिस र प्रहरी सर्जिमिन मुचुल्का प्राप्त भएको र मुचुल्का वमोजिम रु.२०१४००। क्षेती भएको देखिएकोले नेपाल सरकार राजश्व अनुदानको उदार राहत तथा पुनस्थापना शिर्षकवाट रु १००००।(अक्षेरुपी दशहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

ख) आमचोक ९ निवासी भिमराज श्रेष्ठ माघ १५ गते खेतमा काम गरिरहेको समयमा वदेलले आक्रमण छातीमा चोट परेको र उपचारत रहेकोले वडा कार्यालयको सिफारिस वमोजिम आर्थिक अवस्था कमजोड भएकोले उपचार गर्नको लागि राजश्व अनुदान अन्तर्गत उदार राहत तथा पुनस्थापना शिर्षकवाट रु १००००।(अक्षेरुपी दशहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

ग) आमचोक ४ निवासी सरमध्वाज दमाईको छोरा गोविन्द परियारको भोजपुर अस्पताल र विपि असपतालमा चेक जाँज गर्दा हेपाटाइटिस वि देखिएको र विर असपताल जानु पर्ने साथै आर्थिक अवस्था कमजोड भएको वडा कार्यालयको सिफारिस प्राप्त भएकोले राजश्व अनुदान अन्तर्गत अन्य सहायता शिर्षवाट रु १५०००।(अक्षेरुपी पन्ध्रहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

घ) आमचोक ३ निवासी तारा राईको किराना पसलमा २०७९ फाल्गुन २४ गते आग्लागी भइ रु.३२३००। क्षेती भएको प्रहरी सर्जिमिन मुचुल्काका साथ आर्थिक अवस्था कमजोड भएको वडा कार्यालयको सिफारिस प्राप्त भएकोले राजश्व अनुदान अन्तर्गत अन्य सहायता शिर्षवाट रु ५०००।(अक्षेरुपी पाँचहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत २०७९/१२/१९

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

२०७९/१२/१९
अशोक राई
अध्यक्ष